# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
(सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-शाखा)

visit nepal 2020 Lifetime Experiences

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


प.सं. : ०७६/०७७
च.नं : ४८२

(१ नं. प्रदेश), नेपाल
मिति :२०७६।०६।२८

**सामाजिक सुरक्षा कार्यक्रम अन्तरगतको सुविधा लिने योग्यता पुगेका इच्छुक नगरबासीहरुलाई नगरपालिकाको सूचना !**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले निर्धारण गरे बमोजिमको सुविधा उपभोग गर्न इच्छुक र योग्य यस नगरबासी नेपाली नागरिकहरूलाई देहायको मितिभित्र अनिवार्य रूपमा आ-आफ्नो वडा कार्यालयमा आवश्यक प्रमाण सहित दरखास्त दिन सूचित गरिन्छ ।

**तपसिल**

| लक्षित समूह | दरखास्त दिनुपर्ने मिति | दरखास्त पेश गर्नुपर्ने कार्यालय |
|---|---|---|
| आगामी आर्थिक वर्ष ०७६।०७७ मा ६० वर्ष उमेर पुरा हुने दलित जाति र ७० वर्ष उमेर पुरा हुने अन्य जातिका ज्येष्ठ नागरिक | २०७६ साल पौष मसान्त भित्र | आ-आफ्नो वडा कार्यालय |
| ६० वर्ष उमेर पुगेका विवाह नगरी बसेका वा पतिसँग सम्बन्ध विच्छेद् भएका एकल महिला | आफुसँग भएको प्रमाण सहित जहिले सुकै | आ-आफ्नो वडा कार्यालय |
| जिल्लास्थित महिला तथा बालबालिका कार्यालय वा यस नगरपालिकाबाट रातो रङ्गको अपाङ्गता परिचय-पत्र पाएका पूर्ण अशक्त अपाङ्गता भएका ब्यक्ति | आफुसँग भएको प्रमाण सहित जहिले सुकै | आ-आफ्नो वडा कार्यालय |
| जिल्लास्थित महिला तथा बालबालिका कार्यालय वा यस नगरपालिकाबाट नीलो रङ्गको अपाङ्गता परिचय-पत्र पाएका अति अशक्त अपाङ्गता भएका व्यक्ति | आफुसँग भएको प्रमाण सहित जहिले सुकै | आ-आफ्नो वडा कार्यालय |
| पाँच वर्ष उमेर ननाघेका दलित परिवारका एक आमाबाट जन्मेका बढीमा दुई बालबालिका | आफुसँग भएको प्रमाण सहित जहिले सुकै | आ-आफ्नो वडा कार्यालय |

**दरखास्तसाथ संलग्न हुनुपर्ने कागजातहरु :**

१. दरखास्त दिने व्यक्तिको २ (दुई) प्रति पासपोर्ट साइजको फोटो,
२. बालबालिका बाहेक अन्य दरखास्तवालाको नेपाली नागरिकता प्रमाण-पत्रको फोटोकपि,
३. बालबालिकाको हकमा जन्म दर्ता प्रमाण-पत्रको फोटोकपि र आमा वा आमा नभए संरक्षकको नेपाली नागरिकता प्रमाण-पत्रको फोटोकपि,
४. पतिसँग सम्बन्ध विच्छेद् भैसकेको एकल महिला भए सम्बन्ध विच्छेद् दर्ता प्रमाण-पत्रको फोटोकपि,
५. विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाण-पत्रको फोटोकपि र नागरिकताको प्रमाण-पत्रमा पतिको नाम नखुलेको भए नाता प्रमाणित प्रमाण-पत्रको फोटोकपि,
६. अपाङ्गता भएको व्यक्तिको हकमा जिल्लस्थित महिला तथा बालबालिका कार्यालय वा यस नगरपालिकाबाट जारी गरिएको अपाङ्गता परिचय-पत्रको फोटोकपि ।

- दरखास्त फाराम सम्बन्धित कार्यालयहरूबाट निःशुल्क रूपमा प्राप्त हुनेछ ।

(नईन्द्रराज राई)
नि.प्रमुख प्रशासकीय अधिकृत